प्रमाणीकरण मितिः २०७६/०९/०८

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ संख्याः ६ अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

भीमफेदी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८३ सालको कार्यविधि-६

## "प्यालिएटिभ, जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तीहरुको लागि घरघरमा गई स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-२०७६"

**प्रस्तावना :**

नेपालको संविधानको धारा ३५(१) तथा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(४) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई कार्यान्वयन गर्न साथै स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि यस गाँउपालिकामा रहेका विभिन्न स्वास्थ्य समस्या भोगिरहेका निको नहुने दीर्घ रोगका विरामी र ६० वर्ष माथिका जेष्ठ नागरिक लगाएत परिच्छेद ३ मा उल्लेखित लक्षित वर्गमा न्यूनतम स्वास्थ्य सेवा पुर्‍याउनको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२ झ१) र ४ को ख (१०) ले दिएको अधिकार प्रयोग गरि यस भीमफेदी गाउँ कार्यपालिकाको मिति २०७६/०९/०८ गतेको गाउँ कार्यपालिकाको वैठकले यो कार्यविधि लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"प्यानिएटिभ, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तीहरुको घरघरमा गई स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-२०७६"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "स्वास्थ्य संस्था" भन्नाले नेपाल सरकार र गाउँपालिकाबाट स्थापना भई संचालनमा रहेका वा स्थापना हुने आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई समेत सम्झनु पर्दछ ।

(ङ) "स्वास्थ्य नीति" भन्नाले राष्ट्रिय स्वास्थ्य नीति, २०७६ सम्झनु पर्दछ ।

(च) "स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन" भन्नाले भीमफेदी गाँउपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ सम्झनु पर्दछ ।

(छ) "स्वास्थ्यकर्मि" भन्नाले प्यालिएटिभ सेवातथा जेष्ठ नागरिक स्याहार सेवा प्रदान गर्नका लागि भीमफेदी गाँउपालिकावाट खटाईएको स्वास्थ्य सेवाको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) "नर्सिङ स्टाफ "भन्नाले प्यालिएटिभ सेवातथा जेष्ठ नागरिक स्याहार सेवा प्रदान गर्नका लागि भीमफेदी गाँउपालिकावाट खटाईएको स्वास्थ्य सेवाको नसिङ्ग कर्मचारीलाई सम्झनु पर्दछ ।

(झ) "गाँउपालिका" भन्नाले भीमफेदी गाँउपालिका मकवानपुर सम्झनु पर्दछ ।

(ञ) "वडा कार्यालय" भन्नाले भीमफेदी गाँउपालिका भीमफेदी मकवानपुर अन्तर्गतका वडा कार्यालय सम्झनु पर्दछ ।

(ट) "प्यालिएटिभ सेवा" भन्नाले निको हुने वा नहुने दीर्घ किसिमको रोग लागेका जुनसुकै उमेर समुहका विरामीहरुलाइ दिईने स्वास्थ्य सेवा भन्ने बुझ्नु पर्दछ ।

ठ) "जेष्ठ नागरिक स्याहार" भन्नाले ६० बर्ष वा सो भन्दा माथि उमेर समुहका विरामी जेष्ठ नागरिकहरुलाई दिईने स्वास्थ्य सेवा भन्ने बुझ्नु पर्दछ ।

ड) "स्वास्थ्य संस्था" भन्नाले भीमफेदी गाउँपालिका अन्तर्गत संचालनमा रहेका स्वास्थ्य चौकी (४) र प्रा.स्वा.के. (१) तथा सामुदायिक स्वास्थ्य ईकाइहरु समेतलाई बुझ्नु पर्दछ ।

**३) उद्देश्य :** यस कार्यक्रमको उद्देश्य देहाय वमोजिम हुनेछ ।

क) लामो समयसम्म घरमा नै वसेर उपचार लिनु पर्ने वा उपचार पद्दती लामो हुने विरामीलाई स्वास्थ्य स्याहार सेवा दिने ।

ख) शारीरिक वा मानसिक अस्वास्थता तथा अपांगताको कारणले गर्दा हेरचाह गर्न 'नसक्ने विरामीलाई स्वास्थ्य स्यहार सेवा दिने।

गां)	अशक्त, असहाय तथा अपांग, दीर्घरोग, मानसिक रोग लागेका विरामीहरुलाई स्वास्थ्य परामर्श तथा प्रेषण सेवा उपलब्ध गराउने ।

घ)	लैंगिक हिंसा, मानव वेच विखन तथा ओसार पसार जस्ता घटनाबाट पिडीत तथा प्रभावितहरुको संरक्षण गृह, पुनर्स्थापना गृह, जेष्ठ नागरिक सेवा केन्द्र, बाल सुधार गृहमा रहेका विरामीहरुलाई सेवा दिने ।

## परिच्छेद-२

## स्वास्थ्य परिक्षण तथा उपचार सम्वन्धि व्यवस्था

**४)	प्यालिएटिभ, जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तीहरुको स्वास्थ्य परिक्षण तथा उपचार सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।**

क)	अनुसूची १ मा उल्लेखित जुनसुकै उमेरका विरामीहरुलाई प्यालिएटिभ सेवा प्रदान गरिनेछ ।

ख)	निको नहुने रोग लागेका विरामीलाई सामान्य स्वास्थ्य परिक्षण, स्याहार तथा सामान्य उपचार सेवा प्रदान गरिनेछ ।

ग)	फरक क्षमता भएका विरामीहरुलाई सामान्य स्वास्थ्य परिक्षण, स्वाहार तथा सामान्य उपचार सेवा प्रदान गरिनेछ ।

घ)	स्वास्थ्य सम्बन्धि परामर्श तथा स्वास्थ्य शिक्षा प्रदान गरिनेछ ।

ङ)	निको नहुने दीर्घ रोगका विरामी र परिवार विच सुमधुर सम्बन्ध विस्तार गर्नका लागि आवश्यक परामर्श दिईनेछ ।

च)	आवश्यकता अनुसार प्रेषण सेवा दिईनेछ ।

छ)	नेपाल सरकारले निःशुल्क कार्यक्रम अन्तर्गत तोकिएको औषधी उपलब्ध गराईनेछ ।

## परिच्छेद-३

## जेष्ठ नागरिक तथा फरक क्षमता भएका लक्षित सेवाग्राहीहरु

**५) जेष्ठ नागरिक तथा फरक क्षमता भएका लक्षित सेवा ग्राहीहरु देहाय अनुसार रहने छन ।**

क)	लामो समयसम्म घरमा नै बसेर उपचार लिनु पर्ने वा उपचार पद्दती लामो हुने विरामीहरु ।

ख)	शारीरिक वा मानसिक अस्वास्थता तथा अपांगताको कारणले गर्दा हेरचाह गर्न नसक्ने विरामी ।

ग)	अशक्त, असहाय तथा अपांग, दीर्घरोग, मानसिक रोग लागेका व्यक्ति जसलाई विशेष प्रकारको प्राथमिक तथा पेशागत व्यवसायीक स्वास्थ्य सेवा आवश्यक पर्ने सेवाग्राहीहरु ।

घ)	लैंगिक हिंसा, मानववेचविन तथा ओसारपसार जस्ता घटनाबाट पिडीत तथा प्रभावितहरुको संरक्षण, गृह, पुनर्स्थापना गृह, जेष्ठ नागरिक सेवा केन्द्र, बाल सुधार गृहमा रहेका विरामीहरु ।

## परिच्छेद-५

## प्यालिएटिभ सेवाका लक्षित सेवाग्राहीहरु

**६) प्यालिएटिभ सेवाका लक्षित सेवाग्राहीहरु देहाय बमोजिम हुनेछन ।**

**क) प्यालिएटिभ सेवाका लागि लक्षित सेवाग्राहीहरु**

**१) अर्बुद रोग**

- फैलिएको रोगको कारण विरामीको दैनिकी क्रमश... विग्रदै गएको ।
- शारीरिक दुर्बलताको कारण क्यान्सरको उपचार गराउन नसकिने अवस्था रहेको वा लक्षण कम गर्नका लागि मात्र उपचार भैरहेको ।

**२) मुटु रोग**

- अधिकतम उपचार हुँदा पनि विश्राम गरेको अवस्थामा वा सामान्य चलमल गर्दा पनि श्वांस फुल्ने वा छाती दुख्ने अवस्था भैरहेको ।
- जटिल शल्यक्रिया गर्न नमिल्ने धमनीको रोग।

**३) मृगौलाको रोग**

- मृगौलाको रोगको कारण चिकित्सकले निकट भविष्यमा डाएलाईसिस गर्न सुझाएका छन वा विरामीको डाएलाईसिस भैरहेको छ ।
- मृगौलाको रोगको कारण अन्य रोगको उपचार गर्न औषधि प्रयोगमा कठिनाई आएको छ ।
- विभिन्न कारणले डाएलाईसिस बन्द गर्ने अवस्थामा छ ।

**४) डिमेन्सीया/शारीरिक दुर्बलता**

- अन्यको सहारा विना हिडडुल गर्न, लुगा लगाउन वा खाना खान सक्नुहुन्न ।
- खानपिन कम हुदै गएको छ, निल्न गाह्रो हुन्छ ।
- दिशा पिसाब रोक्न सक्नु हुन्न ।
- बोलेर सम्पर्क गर्न सक्नु हुन्न, सामाजिक अन्तरक्रिया कम छ।
- तिघ्रा भाँचिएको छ, पटक पटक लड्नु हुन्छ ।
- पटक पटक संक्रामक रोग लागि रहन्छ, सर्केर निमोनिया हुन्छ ।

**५) श्वाँस प्रश्वास सम्बन्धी**

- दमको दीर्घ रोग लागेको छ बस्दा वा नित्य काम गर्दा श्याँस फुल्छ ।
- कृतिम अक्सिजन नलगाउदा रगतमा अक्सिजनको मात्रा कम हुन्छ ।
- दमको कारणले कृतिम श्वांस प्रश्वांस मेसिनमा राखी उपचार गर्नु परेको छ ।

**६) कलेजो सम्बन्धि रोग**

- कलेजोको दीर्घ रोगिको कारणले विगत एक वर्षमा जटिलता आएको छ ।
- पिसाब लाग्ने औषधीको प्रयोगले पनि पेटको पानी कम हुदैन ।
- हेपाटिक इंन्सेफ्यालोप्याथी ।
- हेपाटो-रिनल सिन्ड्रोम ।
- व्याक्टेरियल पेरिटोनाईटिस ।

**७) नसा सम्बन्धि रोग**

- अधिकतम उपचार गर्दा पनि शारीरिक वा मानसिक अवस्था विग्रदै गएको छ ।
- बोल्न गाह्रो भै सम्पर्क गर्न कठिन हुदै भएको छ र निल्न गाह्रो भैरहेको छ ।
- नसा रोगको कारण सर्केर पटक पटक निमोनिया भएको छ ।

- पक्षघातका कारण ओछ्यानमा नै हुनुहुन्छ ।

**८) शल्यक्रिया जन्य कारणहरु**

- शल्यक्रिया सम्बन्धि समस्या जसबाट विरामी ठिक हुदैन। जस्तै पोलेको ।
- हाडजोर्नीको समस्याले ५० प्रतिशत भन्दा बढि समय ओछ्यानमा नै विताउनु हुन्छ ।

**९) संक्रामक रोगहरु**

- पहिलो लाईनको औषधीले निको नहुने क्षयरोग
- एड्स

## परिच्छेद-६

## सेवा सुल्क सम्बन्धी व्यवस्था

**७) यो सेवा भीमफेदी गाउँपालिकाको कार्यालयबाट निःशुल्क उपलब्ध गराईनेछ ।**

## परिच्छेद-७

## सेवा प्रवाहमा खटिने जनशक्ति सम्बन्धी व्यवस्था

**८) यो सेवा प्रवाहमा तोकिएको प्रत्येक टोलमा निम्न बमोजिम जनशक्ति सहितको टोली परिचालन गरिनेछ ।**

क) स्वास्थ्यकर्मी (कम्तीमा एक जना)

ख) वडा सदस्य (कम्तीमा एक जना)

ग) महिला सामुदयिक स्वास्थ्य स्वयं सेविका (कम्तीमा एक जना)

घ) सम्बन्धित वडाको वडा अध्यक्ष (सम्भव भए सम्म ।

## परिच्छेद-८

## सेवा प्रदायक टोलीको पारिश्रामिक सम्बन्धि व्यवस्था

**९) सेवा प्रदायक टोलीको पारिश्रामिक सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।**

क) परिच्छेद ७ मा तोकिए बमोजिमको टोलिलाई कार्यस्थल सम्म जान र आउनको लागि यातायात र खाजा खर्च वापत निम्न बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ ।

| क्र स. | सहभागीको विवरण | कामको विवरण | सो वापतको सेवा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्यकर्मी | फिल्ड जादाको यातायात तथा खाजा खर्च | रु. ६,००। (प्रति कार्यदिन) | |
| २ | महिला सामुदायिक स्वा.स्व.से. | फिल्ड जादाको यातायात तथा खाजा खर्च | रु. ३००। (प्रति कार्यदिन। | |
| ३ | वडा सदस्य | फिल्ड जादाको यातायात तथा खाजा खर्च | रु. ३००। (प्रति कार्यदिन। | |
| ४ | वडा अध्यक्ष | फिल्ड जादाको यातायाा तथा खाजा खर्च | रु. ३००। (प्रति कार्यदिन) | |

## परिच्छेद-९

## सेवा प्रदायक टोलीलाई दिईने तालिम, तथा अन्य सामाग्रीहरु सम्वन्धि व्यवस्था

**१०) यस कार्यक्रममा खटिने टोलीलाई देहाय अनुसारको तालिम, सेवा सुविधा तथा अन्य सामाग्रीहरु उपलब्ध गराईने छ ।**

क) आवश्यक्ता अनुसार गाँउपालिकाले स्वास्थ्यकर्मिहरुलाई पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको समन्वयमा प्यालिएटिभ सेवा सम्बन्धि तालिममा पठाउन सकिने छ ।

ख) यस कार्यक्रममा खटिने स्वास्थ्यकर्मी तथा सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका, वडा सदस्य, वडा अध्यक्षलाई यो कार्यविधिमा तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईने छ ।

ग) सेवामा खटिने परिच्छेद ७ बमोजिमको टोलिलाई एक/एक हाफ ज्याकेट र पालि टोपी उपलब्ध गराईनेछ ।

घ) सेवामा खटिने स्वास्थ्यकर्मीहरुको लागि औषधी तथा अन्य आवश्यक सामाग्रीहरु बोक्नको लागि झोलाको व्यवस्था गरिनेछ ।

ङ) सामान्य स्वास्थ्य परिक्षणका लागि आवश्यक परिच्छेद १४ को (क) मा तोकिए बमोजिमको उपकरणहरु उपलब्ध गराईनेछ ।

च) नेपाल सरकारको निःशुल्क कार्यक्रम अन्तर्गतका औषधीहरु उपलब्ध गराईनेछ ।

## परिच्छेद-१०

## सेवाप्रदायकको काम कर्तव्य र अधिकार

**१०) सेवा प्रदायकको काम कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।**

क) अनुसूची १ मा तोकिएको विरामीहरुलाई घर घरमा गएर प्यालिएटिभ सेवा दिनु पर्नेछ ।

ख) ६० वर्ष माथिका जेष्ठ नागरिकलाई तोकिएको टोलहरुमा गएर सामान्य स्वास्थ्य परिक्षण सेवाका साथै परार्मश, उपचार र प्रेषण सेवा प्रदान गर्नु पर्नेछ ।

ग) आवश्यक्ता अनुसार गाँउपालिका, जनप्रतिनिधी, स्थानीय स्वास्थ्य संस्था तथा स्थानीय वडा कार्यालयमा समन्वय र सहकार्य गरी कार्य संचालन गर्नु पर्नेछ ।

घ) शारीरिक रुपमा अशक्त, फरक क्षमता भएका तथा मानसिक रुपमा विक्षिप्त विरामीहरुलाई स्वास्थ्य स्याहार तथा परामर्श सेवा प्रदान गर्नु पर्नेछ ।

ङ) विरामी र परिवार विच सुमधुर सम्बन्ध विस्तारका लागि आवश्यक परामर्श तथा सर-सल्लाह प्रदान गर्ने।

च। लक्षित सेवाग्राहीहरुलाई परिच्छेद ११ मा तोकिए बमोजिमको स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गर्नु पर्नेछ ।

छ) अनुसूची २ मा उल्लेखित "व्यक्तीगत स्वास्थ्य सेवा कार्ड" मा विरामीको व्यक्तीगत तथा मेडिकल विवरण अभिलेख गरी विरामीलाई अर्को भेटमा प्रयोग गर्नको लागि सुरक्षित राख्न दिनु पर्नेछ ।

ज) अनुसूची ३ मा उल्लेखित फर्म्याटमा विरामीको सम्पूर्ण व्यक्तिगत तथा स्वास्थ्य सम्बन्धी अभिलेखहरु गाउँपालिकाको प्रयोजनको लागि अभिलेख गर्नु पर्नेछ ।

झ) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा भीमफेदी गाउँपालिकाको प्रयोजनको लागि प्यालिएटिभसेवा पाएका विरामीहरुको लागि अनुसूची ४ मा उल्लेखित अभिलेख पनि भर्नु पर्नेछ ।

ञ) अनुसूचीमा ५ मा उल्लेखित फर्म्याटमा मासिक रुपमा सम्पन्न कार्यको मासिक प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ट) माथिल्लो तहको सेवा आवश्यक विरामीलाई अनुसूची ६ मा उल्लेखित फर्म्याटको प्रयोग गरी प्रेषण गर्नु पर्नेछ ।

ठ) प्रेषण गर्दा गाउँपालिकाको सम्बन्धित स्वास्थ्य संस्थामा वा प्रा.स्वा. के. भीमफेदीमा प्रेषण गर्नु पर्नेछ ।

## परिच्छेद-११

## लक्षित वर्गलाई दिईने स्वास्थ्य स्याहार तथा स्वास्थ्य परीक्षण सम्बन्धि व्यवस्था

**११) यस कार्यक्रम अन्तर्गत लक्षित सेवाग्राहीहरुलाई देहायमा तोकिए बमोजिमको स्वास्थ्य स्याहार तथा स्वास्थ्य परिक्षण सेवा प्रदान गरिनेछ ।**

क) सामान्य शारीरिक परीक्षण सेवा (तौल, सामान्य शारीरिक जाँच, तापक्रम, नाडी, SPO२)

ख) मधुमेह परीक्षण सेवा

ग) रक्तचाप परीक्षण सेवा

घ) सामान्य औषधी वितरण

ङ) स्वास्थ्य सम्बन्धि सम्पूर्ण परामर्श सेवा

च) प्रेषण सेवा

## परिच्छेद-१२

## अभिमुखिकरण कार्यक्रम, जिम्मेवारी विभाजन तथा कार्य योजना निर्माण सम्बन्धि व्यवस्था

**१२) अभिमुखिकरण कार्यक्रम सम्बन्धि व्यवस्था देहाय अनुसार हुनेछ ।**

क) **गाउँपालिका स्तरीय अभिमुखिकरण कार्यक्रमः** सर्वप्रथम यस कार्यक्रमको परिचय, उद्देश्य तथा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनबारेमा जानकारी र प्रचार प्रसार गर्नको लागि तपसिल बमोजिमको उपस्थितीमा गाउँपालिका स्तरीय अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

तपसिल

- गाँउपालिका अध्यक्ष
- गाउँपालिका उपाध्यक्ष
- प्रमुख प्रशासकीय आधिकृत
- योजना अधिकृत
- म. बा. तथा जेष्ठ नागरिक शाखा प्रमुख
- स्वास्थ्य संस्था प्रमुखहरु
- वडा अध्यक्ष ज्यूहरु
- स्वास्थ्य संयोजक
- स्वास्थ्य उप संयोजक
- पटन स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रतिनिधी
- लेखा शाखा प्रमुख
- अन्यसहभागीहरु ।

**ख) स्वास्थ्य संस्था स्तरीय अभिमुखिकरण तथा योजना तर्जुमा कार्यक्रमः** गाउँपालिका स्तरीय अभिमुखिकरण कार्यक्रम सम्पन्न भै सके पश्चयात हरेक स्वास्थ्य संस्थामा तपसिलको उपस्थितीमा अभिमुखिकरण तथा योजना तर्जुमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

तपसिल

- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति पदाधिकारीहरु
- स्वास्थ्य व्यवस्थापन समितिमा नरहेका वडा अध्यक्ष तथा वडा सदस्यज्यूहरु
- स्वास्थ्य संस्थाका सम्पूर्ण स्वास्थ्यकर्मीहरु
- सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरु

**१३) कार्य योजना निर्माण तथा जिम्मेवारी विभाजन :**

**क) कार्य योजना निर्माण :**

अ) कार्य योजना यस कार्यविधीको अनसूची ७ मा तोकिएको फर्म्याटमा निर्माण गर्नु पर्नेछ ।

आ) कार्य योजना निर्माण गर्दा सर्व प्रथम सम्बन्धित वडालाई टोलहरुमा विभाजन गर्नु पर्नेछ ।

इ) प्रत्येक वडाको टोल विभाजन सम्बन्धित वडा समिती, सो वडाको बडा सचिव तथा सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुख र गाँउपालिकाको स्वस्थ्य संयोजकको सयुक्त छलफलबाट गर्नुपर्नेछ ।

ई) टोल निर्धारण गर्दा सो टोलको लक्षित सेवा ग्राहिको संख्या, भुगोल र अन्य समय सापेक्ष परिस्थितिलाई समेत मध्यनजर गरी निर्धारण गर्नु पर्ने छ ।

उ) यसरी टोलको निर्धारण गर्दा १ दिनमा घरघरमा पुगी स्वास्थ्य परिक्षण गर्न सकिने गरी निर्धारण गर्नु पर्नेछ।

ऊ) टोल विभाजन गरी सके पछि सम्बन्धित टोलमा सेवा प्रवाहको लागि खटिने स्वास्थ्यकर्मी, सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका तथा वडा सदस्यको नाम उल्लेख गरी सम्बन्धित टोलमा जाने मिति लेख्नु पर्नेछ ।

**ख) जिम्मेवारी विभाजन :**

अ) स्वास्थ्यकर्मीहरुको जिम्मेवारी विभाजन गर्दा संस्थामा कार्यरत सबै स्वास्थ्यकर्मीलाई पालै पालो हुने गरी नजिक टाढा मिलाएर जिम्मेवारी दिनु पर्नेछ ।

आ) स्वास्थ्यकर्मीहरुको जिम्मेवारी विभाजन गर्दा सम्बन्धित वडाको सामुदायिक स्वास्थ्य ईकाइमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई पनि समावेस गर्नु पर्नेछ ।

इ) वडा सदस्यहरुको जिम्मेवारी विभाजन गर्दा सबै वडा सदस्यहरुको परिचालन हुने गरी वडाको टोल अनुसार सबैभन्दा नजिकको वडा सदस्यलाई सो टोलको जिम्मेवारी दिनु पर्नेछ ।

१४) यसरी कार्य विभाजन गरी योजना बनाउदा वडा नं. १, २ र ९ ले संयूक्त रुपमा छलफल गरी प्रत्येक वडाको लागि छुट्टाछुट्टै तयार पार्नु पर्नेछ। वडा नं. ३ र ४ ले संयूक्त रुपमा छलफल गरी प्रत्येक वडाको लागि छुट्टाछुट्टै तयार योजना तयार पार्नु पर्नेछ र वडा नं. ५ र ६ ले सयूक्त रुपमा छलफल प्रत्येक बडाको लागि छुट्टाछुट्टै योजना तयार पार्नु पर्नेछन् कार्यको ही कार्यको संयोजन सम्बन्धित स्वास्थ्य चौकी तथा प्रा.स्वा. के. प्रभुखले गर्नु पर्नेछ ।

१५) कार्य विभाजन र कार्य योजना तयार पार्ने कार्यमा गाउँपालिका स्वास्थ्य शाखा प्रमुखलाई समावेस गर्नु पर्नेछ ।

१४) यसरी तयार पारिएको जिम्मेवारी सहितको कार्य योजना सम्बन्धित वडाको स्वास्थ्य संस्थाले सम्बन्धित वडाको वडा कार्यालयबाट प्रमाणित गरी ५ दिन भित्र गाउँपालिकाको स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ । साथै पहिलो महिना तयार पारिएको कार्ययोजना अनुरुप कार्यक्रम कार्यान्वयन भैसके पश्चात अर्को महिना सोहि कार्य योजना अनुरुप कार्य गर्ने भएमा सोहि अनुरुप वा नयां कार्य योजना बनाई कार्यक्रम सञ्चालन गर्ने भएमा सो को जानकारी सम्बन्धित सबैलाई गर्नु पर्नेछ ।

## परिच्छेद-१३

## अन्य व्यवस्था

**१५) बजेटः** यस कार्यक्रमको लागि आवश्यक बजेट भीमफेदी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रमको बजेट सि.नं. १८, खर्च शीर्षक २२५२२ बाट व्यहोरिनेछ ।

**१६) सामाग्रीको सुरक्षाः** गाउँपालिकाबाट बुझिलिएका औषधीजन्य तथा अन्य सामाग्रीहरुको सुरक्षा गर्नु स्वास्थ्यकर्मीको प्रमुख जिम्मेवारी हुनेछ । गाउँपालिकाबाट बुझिलिएका सामाग्रीहरु हराएमा वा दुरुपयोग भएमा स्वास्थ्यकर्मी आफैले बेहोर्नु पर्नेछ ।

१७) **सजाँय :**

क) यो कार्यक्रममा खटिएका स्वास्थ्यकर्मीले कार्यविधिमा तोकिएको भन्दा बढि वा अनावश्यक कार्य गरी सेवाग्राहीलाई हानी नोक्सानी भएमा प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

ख) यो कार्यक्रम संचालन तथा कार्यान्वयन र यस कार्यक्रमसंग सम्बन्धित अन्य आवश्यक कार्यमा सहजिकरण र समन्वय नगर्ने स्वास्थ्य संस्था प्रमुख तथा स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सेवा ऐन बमोजिम कारवाही हुनेछ ।

१८) **थप जनशक्ति :**

क) यो कार्यक्रम संचालनको लागि थप कर्मचारी आवश्यक पर्दा गाउँ कार्यपालिकाले निर्णय गरी थप जनशक्ति सेवा करार मार्फत व्यवस्थापन गरिनेछ । सेवा करार लिदा भीमफेदी गाउँपालिकाको प्राविधिक कर्मचारी सेवा करारमा लिने कार्यविधी २०७५ बमोजिम गरिनेछ ।

ख) सेवा करारमा लिएका कर्मचारीको सेवा सुविधा र सेवाको शर्त गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम आपसी सहमतीमा हुनेछ ।

## परिच्छेद-१४

## आवश्यक औषधी, उपकरण तथा अन्य सामाग्री सम्बन्धि व्यवस्था

१९) **यो कार्यक्रमको लागि आवश्यक औषधी, उपकरण तथा अन्य सामाग्री सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।**

क) उपकरण सम्बन्धि व्यवस्था यस कार्यक्रमको लागि आवश्यक निम्न उपकरणहरु गाउँकार्यपालिकाबाट खरिद गरी उपलब्ध गराईनेछ । टिकाउ नहुने खालका उपकरणहरु पटक पटक उपलब्ध गराउन गाउँपालिका बाध्य हुने छैन। आवश्यक टिकाउ नहुने उपकरण खरिद गरी प्रयोग गर्नको लागि सम्बन्धित विरामीलाई सम्बन्धित स्वास्थ्यकर्मीले सिफारिस गर्नु पर्नेछ ।

| क.स. | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | Glucometer | थान | १ | प्रत्येक वडाको लागि |
| २ | Pulse Oxymeter | थान | १ | |
| ३ | Thermometer | थान | १ | |
| ४ | Folys's Catheter | थान | ३ | |
| ५ | Plain Catheter | थान | ५ | |
| ६ | Easy Bag | थान | १ | |
| ७ | UroBag | थान | १ | |
| ८ | Nebulizer Machine | थान | १ | |
| ९ | Spacer | थान | १ | |
| १० | Top Gloves | बक्स | २ | |
| ११ | Sergical Gloves | बक्स | २ | |

**ख) औषधी सम्बन्धी व्यवस्था :**

अ) यस कार्यक्रमको लागि आवश्यक नेपाल सरकारको निःशुल्क उपलब्ध हुने औषधी बाहेक निम्न औषधीहरु गाउँपालिकाले खरिद गरी उपलब्ध गर्न सकिनेछ। तर निःशुल्क उपलब्ध हुने बाहेकका औषधी उपलब्ध गराउन गाउँपालिका बाध्य हुने छैन । विरामीलाई आवश्यक पर्ने औषधीहरु स्वास्थ्यकर्मीले आफ्नो पेशागत कोड अफ कन्डक्टको परिधीमा रहि किनेर खानको लागि सिफारिस गर्न सक्नेछ ।

| क्र.स. | औषधीको नाम | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | Metoclopramide | Tab | ५० | प्रत्येक वडाको लागि |
| २ | Syrup Lactulose | Bottle | ५ | |
| ३ | Asthalin | Bottle | १ | |
| ४ | Ipravent | Bottle | १ | |
| ५ | NS | Pint | १ | |
| ६ | Spirinolactone | Tab | ५० | |
| ७ | Oint Diclofenac | Tube | १० | |
| ८ | Lignocain Jelly | Tube | १ | |
| ९ | Dexamethasone | Tab | ५० | |
| १० | Prednisolone | Tab | ५० | |
| ११ | Glycerine Suppository | Piece | १० | |
| १२ | Ranitidine | Tab | १,००० | |
| १३ | Codomol | Tab | १०० | |
| १४ | Ondansatron | Tab | १० | |

आ) सम्बन्धित टोलमा गई स्वास्थ्य सेवा दिनको लागि आवश्यक न्यूनतम निःशुल्क उपलब्ध हुने औषधीहरु सम्बन्धित स्वास्थ्यकर्मीले सम्बन्धित स्वास्थ्य संस्थाबाट माग गरि लानु पर्नेछ ।

ग) **अन्य सामाग्री सम्बन्धी व्यवस्थाः** यस कार्यक्रममा देहायका सामाग्रीहरु उपलब्ध गराईनेछ ।

| क्र.स. | सामाग्रीको नाम | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | हाफ ज्याकेट | थान | १ | कार्यक्रममा खटिने परिच्छेद ४ बमोजिमको टोलि सदस्यहरुलाई |
| २ | झोला | थान | १ | टोलीको स्वास्थ्यकर्मीलाई |
| ३ | पाली टोपी | थान | १ | कार्यक्रममा खटिने परिच्छेद ४ बमोजिमको टोलि सदस्यहरुलाई |
| ४ | टर्च लाईट | थान | १ | स्वास्थ्यकर्मीलाई |
| ५ | छाता | थान | १ | कार्यक्रममा खटिने परिच्छेद ४ बमोजिमको टोलि सदस्यहरुलाई |

ख) यस कार्यक्रमको लागि आवश्यक औषधीजन्य तथा अन्य सामाग्रीहरु सम्बन्धित वडाको स्वास्थ्य संस्थाबाट माग गरे बमोजिम गाउँपालिकाले उपलब्ध गराईनेछ । सो उपलब्ध गराईएका सामाग्रीको अभिलेख व्यवस्थापन गाउँकार्यपालिकाले गर्नेछ ।

ग) प्रा.स्वा.के. स्तरबाट उपलब्ध हुने निःशुल्क स्वास्थ्य सम्बन्धी परिक्षण तथा औषधीहरु उपलब्ध गराईने छ

घ) सो बाहेकका निम्न औषधी तथा उपकरणहरु आवश्यक्ता अनुसार गाउँकार्यपालिकाबाट खरिद गरी उपलब्ध गराईनेछ ।

## परिच्छेद-१५

## कार्यक्रम अनुगमन सम्बन्धि व्यवस्था

**१३) यस कार्यक्रमको नियमित अनुगमनको लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय अनुगमन समिति रहनेछ।**

संयोजक- उपाध्यक्ष (गा.पा.)

सदस्य - प्रमुख प्रशासकीय अधिकृत

सदस्य - संयोजक (सामाजिक विकास समिती)

सदस्य - अधिकृत (योजना शाखा)

सदस्य सचिव - संयोजक (स्वास्थ्य शाखा)

**१४) अनुगमन समितीको काम, कर्तव्य र अधिकार**

क) कार्यक्रमलाई सहज, सरल र लक्षित वर्गको पहुँचमा पुर्याउनका लागि नागरिक समाज, जनप्रतिनिधी, समाजसेवी तथा नागरिक अगुवाहरु सँग समन्वय र सहकार्य गर्ने/गराउने ।

ख) कार्यक्रमलाई नियमित र सहज रुपमा संचालन गर्न गराउन अनुकुल बातावरण तयार पार्ने ।

ग) कार्यक्रमको नियमित रुपमा अनुगमन गर्ने गराउने ।

घ) कार्यक्रम कार्यन्वयनको क्रममा आई पर्ने समस्याहरु समाधानका लागि सहजिकरण गर्ने ।

ङ) कार्यक्रमको समष्टिगत चौमासिक प्रतिवेदन तयार पारी कार्यपालिकामा पेश गर्ने।

च) कार्यक्रम कार्यान्वयनमा उत्कृष्ट स्वास्थ्यकर्मीको मूल्यांकन गरि प्रोत्साहन र पुरस्कारको लागि कार्यपालिकामा सिफारिस गर्ने ।

छ) समितिको बैठक प्रत्येक तिन महिनामा एक पटक बस्नु पर्नेछ ।

## परिच्छेद-१६

## प्रतिवेदन सम्बन्धि व्यवस्था

**१५) प्रतिवेदन सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।**

क) प्रत्येक महिनाको अन्त्यमा परिच्छेद ५ बमोजिमको टोलिले आफ्नो कार्य प्रगतीको प्रतिवेदन आफ्नो सम्बन्धित वडाको स्वास्थ्य संस्थामा पेश गर्ने र सो प्रतिवेदन वडा समितीले प्रमाणित गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-१७

## विविध

**१६) गाँउ कार्यपालिकाले आवश्यक्ता अनुसार यो कार्यविधि परिमार्जन गर्न सक्ने छ ।**

**१७) खारेजी र वचाउ :**

क) यस कार्यविधि वमोजिम दिईने सेवा सुविधा प्रचलित ऐन कानुन वमोजिम बाझिन गएमा स्वतः अमान्य हुनेछ ।

ख) यो कार्यविधि गाँउ कार्यपालिकाको बैठकवाट पारित भएको मितिवाट लागू हुनेछ ।

**अनुसूची १**
**परिच्छेद ५ को (क) सँग सम्बन्धीत**
**भीमफेदी गाउँपालिका**
**प्यालिएटिभ, जेष्ठ नागरिक तथा फरक क्षमता भएका विरामीहरुको लागि घरघरमा गई गरीने स्वास्थ्य परीक्षण कार्यक्रम**
**प्यालिएटिभ सेवाका लागि लक्षित विरामीहरु**

**१) अर्बुद रोग**
- फैलिएको रोगको कारण विरामीको दैनिकी क्रमश विग्रदै गएको ।
- शारीरिक दर्बलताको कारण स्यान्सरको उपचार गराउन नसकिने अवस्था रहेको वा लक्षण कम गर्नका लागि मात्र उपचार भैरहेको ।

**२) मुटु रोग**
- अधिकतम उपचार हुँदा पनि विश्राम गरेको अवस्थामा वा सामान्य चलमन्न गर्दा पनि श्वाँस फुल्ने वा छाती दुख्ने अवस्था भैरहेको ।
- जटिल शल्यक्रिया गर्न नमिल्ने धमनीको रोग ।

**३) मृगौलाको रोग**
- मृगौलाको रोगको कारण चिकित्सकले निकट भविष्यमा डाएलाईसिस गर्न सुझाएका छन वा विरामीको डाएलाईसिस भैरहेको छ ।
- मृगौलाको रोगको कारण अन्य रोगको उपचार गर्न औषधि प्रयोगमा कठिनाई आएको छ।
- विभिन्न कारणले डाएलाईसिस बन्द गर्ने अवस्थामा छ।

**४) डिमेन्सीया/शारीरिक दुर्बलता**
- अन्यको सहारा विना हिडडुल गर्न, लुगा लगाउन वा खाना खान सक्नुहुन्न ।
- खानपिन कम हुदै गएको छ, निल्न गाह्रो हुन्छ ।
- दिशा पिसाब रोक्न सक्नु हुन्न ।
- बोलेर सम्पर्क गर्न सक्नु हुन्न, सामाजिक अन्तरक्रिया कम छ ।
- तिघ्रा भाँचिएको छ, पटक पटक लड्नु हुन्छ ।
- पटक पटक संक्रामक रोग लागि रहन्छ, सर्केर निमोनिया हुन्छ ।

**५) श्वाँस प्रश्वास सम्बन्धी रोग**
- दमको दीर्घ रोग लागेको छ, बस्दा वा नित्य काम गर्दा श्वाँस फुल्छ ।
- कृत्तिम अक्सिजन नलगाउदा रगतमा अक्सिजनको मात्रा कम हुन्छ ।
- दमको कारणले कृतिम श्वाँस प्रश्वाँस मेसिनमा राखी उपचार गर्नु परेको छ ।

**६) कलेजो सम्बन्धि रोग**
- कलेजोको दीर्घ रोगिको कारणले विगत एक बर्षमा जटिलता आएको छ।
- पिसाब लाग्ने औषधीको प्रयोगले पनि पेटको पानी कम हुदैन ।
- हेपाटिक ईन्सेफ्यालोप्याथी ।
- हेपाटो-रिनल सिन्ड्रोम ।
- व्याक्टेरियल पेरिटोलाईटिस ।

**७) नसा सम्बन्धि रोग**
- अधिकतम उपचार गर्दा पनि शारीरिक वा मानसिक अवस्था विग्रदै गएको छ ।
- बोल्न गाह्रो भै सम्पर्क गर्न कठिन हुदै भएको छ र निल्न गाह्रो भैरहेको छ ।
- नसा रोगको कारण सर्केर पटक पटक निमोनिया भएको छ ।
- पक्षघातका कारण ओछ्यानमा नै हुनुहुन्छ ।

**८) शल्यक्रिया जन्य कारणहरु**
- शल्यक्रिया सम्बन्धि समस्या जसबाट विरामी ठिक हुदैन। जस्तै पोलेको ।
- हाडजोर्नीको समस्याले ५० प्रतिशत भन्दा बढि समय ओछ्यानमा नै विताउनु हुन्छ ।

**९) संक्रामक रोगहरु**
- पहिलो लाईनको औषधीले निको नहुने क्षयरोग
- एड्स

प्रमाणीकरण मितिः २०७६/०९/०८

# अनुसूची २
## परिच्छेद ४ को (ङ) सँग सम्बन्धित
## भीमफेदी गाउँपालिका
## प्यानिएटिभ, जेष्ठ नागरिक तथा फरक क्षमता भएका विरामीहरुको लागि घरघरमा गई गरीने स्वास्थ्य परीक्षण कार्यक्रम
## व्यक्तीगत स्वास्थ्य सेवा कार्ड

नाम थरः उमेर : लिङ्गः जाती कोड वडा नं. टोल :

सम्बन्धीत स्वास्थ्य संस्थाः

सम्बन्धीत स्वास्थ्य संस्थाको सम्पर्क नं. संरक्षकको नाम : सम्पर्क नं.

RBS

| सेवा दिएको पटक | मिति | मेडिकल रेकर्ड तथा प्रदान गरिएको उपचार सेवा | | | | | | | | | | | | स्वास्थ्यकर्मीको नाम : | दस्तखत | म.स्वा.से.को नाम | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Weight | Temperature | BP | RBS | Pulse | Spo2 | Jaundice | Cyanosis | Edema | Other Problems | Diagnosis | Given Medicines | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

## अनुसूची ३
## परिच्छेद १० को (ज) सँग सम्बन्धीत
## भीमफेदी गाउँपालिका
## प्यालिएटिभ, जेष्ठ नागरिक तथा फरक क्षमता भएका विरामीहरुको लागि घरघरमा गई गरीने स्वास्थ्य परीक्षण कार्यक्रम
## विरामीको व्यक्तिगत तथा स्वास्थ्य सम्बन्धी विवरण

वडा नं. :

टोल : मिति :

**सेवाको किसिम : प्यालिएटिभ सेवा/जेष्ठ नागरिक सेवा**

| क्र. सं. | विरामी को नाम | जाति कोड | उमेर | लिङ्ग | BP | RBS | Pulse | Spo2 | Jaundice | Cyanosis | Edema | Other Problems | Diagnosis | Given Medicines | Temperature | सेवाग्राही को दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | |

| म.स्वा.स्व. सेविका | स्वास्थ्यकर्मी | जन प्रतिनिधी |
|---|---|---|
| नामः | नामः | नामः |
| दस्तखत : | दस्तखत : | दस्तखत : |

## अनुसूची ४

## परिच्छेद १० को (झ) सँग सम्बन्धीत भीमफेदी गाउँपालिका तथा पाटन स्वास्थ्य विज्ञानको सहकार्यमा समुदाय स्तरमा प्यालिएटिभ सेवा

## विरामीको विवरण

1) **Patient No.**

2) **Patient Information** **Date:**

Name: age: sex:

Address:

Occupation:

Socioeconomic status:

Religion:

3) **Main Diagnosis:**

Histology:

Others:

4) **Diagnosis Made at:**

5) **Duration of Disease:**

6) **Other Disease or conditions causing significant symptoms:**

7) **Past history:**

8) **Present Medication:**

9) **Present symptoms:**

Constipation: Nausea and vomiting: Shortness of breathing:

Urinary Symptoms: Low urine output: Insomnia:

Weakness: Anxiety: Depression:

Mobility: Others:

10) **Physical Findings:**

Temperature: pulse: 85/m BP: Edema

a) Respiratory System:

Chest Expansion: Percussion: Breath Sound:

b) Abdomen:

Location: Ascites: Current Problem:

11) **Management:**

12) **Follow up:**

अनुसूची ५

परिच्छेद १० को (ज) सँग सम्बन्धीत

भीमफेदी गाउँपालिका

**प्यासिएटिभ, जेष्ठ नागरिक तथा फरक क्षमता भएका बिरामीहरुको लागि घरघरमा गई गरीने स्वास्थ्य परीक्षण कार्यक्रम**

**मासिक प्रतिवेदन**

वडा नं. :                                                                 मिति :

<table>
<tr><td rowspan="3">क.स.</td><td rowspan="3">सेवाको किसिम</td><td colspan="12">सेवा पाएका जम्मा संख्या</td><td></td></tr>
<tr><td colspan="2">लिङ्ग अनुसार</td><td colspan="6">जातजाती अनुसार</td><td colspan="4">उमेर अनुसार</td><td>जम्मा</td></tr>
<tr><td>म.</td><td>पु.</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>०-१९</td><td>२०-३९</td><td>४०-५९</td><td>६० माथि</td><td></td></tr>
<tr><td>१</td><td>प्यालिएटिभ सेवा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>जेष्ठ नागरिक स्याहार</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td colspan="3">६०-७०</td><td>७० माथि</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>फरक क्षमता भएका विरामी</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

स्वास्थ्यकर्मीको नामः                                   स्वास्थ्य संस्था प्रमुखको नामः

दस्तखत                                                     दस्तखत

# अनुसूची ६

## परिच्छेद १० को (ट) सँग सम्बन्धीत

## भीमफेदी गाउँपालिका

## प्यासिएटिभ, जेष्ठ नागरिक तथा फरक क्षमता भएका विरामीहरुको लागि घरघरमा गई गरीने स्वास्थ्य परीक्षण कार्यक्रम

## प्रेषण फारम

विरामीको नाम : उमेर : लिङ्ग : जाती कोड :

ठेगाना : संरक्षकको नाम : सम्पर्क नं. :

विरामीको मुख्य समस्याहरु :

हाल सम्म पाएका उपचार सेवा :

प्रेषण गर्नुको कारण :

प्रेषण गरिएको स्वास्थ्य संस्था :

प्रेषण गर्ने स्वास्थ्यकर्मीको नाम :

पद :

दस्तखत :

प्रमाणीकरण मितिः २०७६/०९/०८

# अनुसूची ७

## परिच्छेद-१२ को १३ (क) (अ)

## भीमफेदी गाउँपालिका

## प्यासिएटिभ, जेष्ठ नागरिक तथा फरक क्षमता भएका विरामीहरुको लागि घरघरमा गई गरीने स्वास्थ्य परीक्षण कार्यक्रम

## मासिक सुक्ष्म योजना

वडा नं.

स्वास्थ्य संस्थाको नाम :                                                                                    मिति :

| क्र.स. | टोलहरु | केन्द्र | मिति | जिम्मेवार व्यक्तिहरु | | | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | वडा सदस्य | स्वास्थ्यकर्मी | सा.म.स्वा.स्व.से. | |
| | | | | | | | |

कार्यालय प्रमुख
नाम :
पदः
दस्तखत

वडा अध्यक्ष
नाम :
पदः
दस्तखत

आज्ञाले,
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत